# बेशीसहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेशीसहर, लमजुङ्ग
गण्डकी प्रदेश, नेपाल

## औषधी तथा सर्जिकल सामान खरिद संबन्धी सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी ई–विडिङ्गको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७८/०९/२१ गते)**

वेशीसहर नगरपालिका अन्तर्गत देहायका कार्यहरुका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो दरभाउपत्र सुचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले ई–विडिङ्ग मार्फत दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ । दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेव साइट bolpatra.gov.np/egp वा यस कार्यालयको सूचनापाटी तथा कार्यालयको वेभ साईट www.besisaharmun.gov.np मा हेर्न सकिने छ । साथै विस्तृत जानकारिको लागी बेसीशहर नगरपालिकाको कार्यालय,लमजुङमा कार्यलय समय भित्र सम्पर्क राख्न सकिनेछ । ठेक्काको विवरण यस प्रकार छ ।

| Sealed Quotation Number | Work Description | Estimate Amount (Including Vat) NRs | Bid Security Amount NRs | Sealed Quotation Document Price NRs |
|---|---|---|---|---|
| Besishahar/Lamjung /Goods/01/078-79 | Procurment of Medicine and Surgical Equipments | 1499975.50 | 40000.0 | 1000.0 |

**क. शर्तहरु :**

१। दरभाउपत्रदाताले यो सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.० वजे भित्र ई–विडिङ्ग मार्फत दरभाउपत्र पेश गरि सक्नुपर्नेछ ।

२। ई–विडिङ्ग मार्फत पेश भएका दरभाउपत्रहरु सोही दिन दिनको १.० वजे नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

३। दरभाउपत्रदाताले इ विडिङ्गको साथमा दरभाउपत्र खरिद गर्दा तिरेको बैक भौचर , विडबण्ड वा धरौटी राखेको रकमको सक्कल प्रति, नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ता र नविकरणको प्रमाण आदिको नोटरीबाट प्रमाणित गराएको प्रमाणित प्रतिलिपि समावेश गरेको हुनुपर्नेछ । साथै दरभाउपत्र खरिद गर्दा तिरेको बैक भौचर धरौटी रकमको भौचरमा अनिवार्य रुपमा ठेक्का नं. उल्लेख गर्नुपर्नेछ ।

४। ई–विडिङ्ग बाहेक अन्य तरिकाबाट पेश गरिएको दरभाउपत्र स्वीकार्य हुनेछैन ।

५। दरभाउपत्र खरिद बापत नियमानुसार लाग्ने दस्तुर रकम यस कार्यालयको रा.वा. बैक, बेशीसहर शाखामा रहेको आन्तरिक आय खाता नं. ग-१-१-३०४०१००३०१०१०००२ मा दाखिला गरेको हुनुपर्नेछ ।

जगन्नाथ कंडेल
प्रमुख प्रशासकीय अधिकृत

६। ठेक्का लिन चाहने इच्छुक फर्मले धरौटी बापत रकम रु ४००००।-(अक्षरुपी चालिस हजार रुपैया मात्र) धरौटी राख्नु पर्नेछ । धरौटी वापतको रकम यस बेशीसहर नगरपालिकाको कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंकको चल्ती हिसाव नं. ग-३-३०४०१००३०३००००२ धरौटी खातामा नगदै जम्मा गरेको भौचरको ई–कपी वा "क" वर्गको बाणिज्य बैकबाट जारी गरेको दरभाउपत्र मान्य अवधिबाट कम्तीमा ३० दिन अवधिको विडबण्डको ई–कपी पेश गरेको हुनुपर्नेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मिति देखि न्युनतम ४५ दिनको हुनेछ ।

७। दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

८। रितपूर्वक दाखिला भएका दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै कुनै शर्त सहतिको दरभाउपत्र स्वीकार्य हुने छैन ।

९। सिलबन्दी दरभाउपत्र साथ आपूर्ति गर्ने औषधीहरु WHO/GMP Certify Company बाट उत्पादित भएको नविकरण गरिएको प्रमाण पत्र, Surgical Items को हकमा ISO प्रमाण पत्र र अन्य कुराको हकमा प्राबिधिक प्रस्तावमा तोके बमोजिमको कागजातहरुको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेस गर्नुपर्नेछ ।

१०। सुई, धुलो र झोल औषधी बाहेक सर्पूण औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ । बोतलमा आपूर्ति हुने सबै औषधीहरु प्लाष्टिक बोतलमा हुनु पर्नेछ ।

११। कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्र दाताले नै ब्यहोर्नु पर्नेछ ।

१२। आपूर्ति हुने औषधीको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ । तर कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम हुने अबस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

१३। सप्लाई हुने औषधी तथा अन्य सामानको प्रत्येक Strips/lebeling र प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर र नेपाल सरकारवाट निःशुल्क बितरण भन्ने वाक्याशँ उल्लेख भएको हुनुपर्नेछ ।

१४। सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार सिलबन्दी दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्ताबित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको र ब्यबसाय संबन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

१५। प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनपर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

१६। यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

इमनाथ कँडेल
प्रमुख प्रशासकिय अधिकृत

इमनाथ कँडेल
प्रमुख प्रशासकीय अधिकृत